# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल

पत्र संख्याः २०८१/८२
सूचना नं.:

मितिः २०८१।०७।३०

## दुग्ध उत्पादक सहकारी संस्था तथा दुग्ध संकलन केन्द्रका लागि प्रस्ताव आह्वानको सूचना

प्रकाशित मिति २०८१/०७/३०

रत्ननगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, रत्ननगर, चितवनको चालु आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम प्रदेश सरकारबाट हस्तान्तरित सशर्त अनुदान कार्यक्रम अन्तर्गत उत्पादनमा आधारित दुधमा प्रोत्साहन अनुदान वितरण कार्यक्रमका लागि **स्थानीय तहमा विनियोजित सशर्त अनुदान कार्यक्रम कार्यन्वयन कार्यविधि २०८१** बमोजिम गत आर्थिक बर्ष २०८०/८१ को बार्षिक दुध विक्रीको परिमाणको आधारमा प्रोत्साहन रकम वितरण गरिने हुदा यस कार्यक्रममा सहभागी हुन ईच्छुक दुग्ध उत्पादक सहकारी संस्था र दुग्ध संकलन केन्द्रहरुले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन (२०८१/०८/२० गते) सम्म कार्यालय समय भित्र आइपुग्ने गरी तपशिलमा उल्लेखित कागजातहरु संलग्न राखी रत्ननगर नगरपालिकाको कृषि तथा पशुपन्छी बिकास शाखामा कार्यालयले उपलब्ध गराएको ढाचाँमा आबेदन फारम भरि आबेदन दर्ता गर्नुहुन यो प्रस्ताव आह्वान गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समाबेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

नोटः कुनै निकायबाट गत आर्थिक बर्षको बार्षिक दुध विक्रीको परिमाणको आधारमा प्रोत्साहन रकम प्राप्त गरेको संस्थाको हकमा चालु आ.ब. को विक्री परिमाणको आधारमा प्रोत्साहन रकम उपलब्ध गराईनेछ ।

प्रोत्साहन रकम सम्बन्धित संस्थाको बैंक खातामा पठाईनेछ र उक्त संस्थाले दुध विक्री गर्ने कृषकहरुलाई निजहरुको बैंक खाता मार्फत प्रोत्साहन रकम उपलब्ध गराउनु पर्नेछ ।

सुकदेव लम्साल
प्रमुख प्रशासकीय अधिकृत

तपशिल

१. सम्बन्धीत नियकायमा सहकारी/व्यवसाय दर्ता र स्थायी लेखा नम्बर प्रमाणपत्र (PAN) को प्रतिलिपि
२. गत आ.व २०८०/८१ को लेखा परिक्षण प्रतिबेदन र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि
३. वार्षिक साधारण सभाको प्रमाण प्रतिलिपि
४. वार्षिक दुध बिक्रीको परिमाण खुल्ने कृषकहरुको प्रमाणित नामावली
५. गत आर्थिक बर्षको संस्थागत रुपमा दुध खरिद र विक्री गरेको प्रमाण
६. गत आर्थिक बर्ष दुध बिक्री बापत कृषकले भुक्तानी रकम बुझेको भरपाई वा बैंक स्टेटमेन्ट
७. सम्बन्धीत वडा कार्यालयको सिफारिस पत्र
८. सहकारी संस्था/दुग्ध संकलन केन्द्रको बैक खाता नम्बरको विवरण

फोन नं.: ०५६-५६०५२९, ५६०५०६, फ्याक्सः ०५६-५६२४८७
E-mail: ratna.municipal@gmail.com, Website: www.ratnanagarmun.gov.np